आज मिति २०८२ साल माघ २९ गते बिहिबार यस हेटौडा उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री मिना कुमारी लामाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिम निर्णय गरियो ।

| उपस्थिति | | | | |
|---|---|---|---|---|
| सि. नं. | नाम थर | पद | वडा | दस्तखत |
| १ | श्री मिना कुमारी लामा | नगर प्रमुख | | |
| २ | श्री राजेश बानिया | नगर उपप्रमुख | | |
| ३ | श्री सविन न्यौपाने | वडा अध्यक्ष | १ | |
| ४ | श्री विष्णु गोपाल महर्जन | वडा अध्यक्ष | २ | |
| ५ | श्री ढलक बहादुर थापा | वडा अध्यक्ष | ३ | |
| ६ | श्री नविन सिग्देल | वडा अध्यक्ष | ४ | |
| ७ | श्री सुशील घिमिरे | वडा अध्यक्ष | ५ | |
| ८ | श्री विष्णु बहादुर दहाल | वडा अध्यक्ष | ६ | |
| ९ | श्री दामोदर गौतम | वडा अध्यक्ष | ७ | |
| १० | श्री राम कृष्ण थापा | वडा अध्यक्ष | ८ | |
| ११ | श्री सुकराम केसी | वडा अध्यक्ष | ९ | |
| १२ | श्री फूर्वा दोर्जे तमाङ्ग | वडा अध्यक्ष | १० | |
| १३ | श्री जुना दाहाल | वडा अध्यक्ष | ११ | |
| १४ | श्री अर्जुन प्रसाद तिवारी | वडा अध्यक्ष | १२ | |

प्रतिलिपि प्रमाणित

| | | | | |
|---|---|---|---|---|
| १५ | श्री पेम्बा लामा | वडा अध्यक्ष | १३ | |
| १६ | श्री दिपक खड्का | वडा अध्यक्ष | १४ | |
| १७ | श्री सुनिल मुक्तान | वडा अध्यक्ष | १५ | |
| १८ | श्री रामकृष्ण कोइराला | वडा अध्यक्ष | १६ | |
| १९ | श्री उद्धब सत्याल | वडा अध्यक्ष | १७ | |
| २० | श्री अनिल कुमार बानिया | वडा अध्यक्ष | १८ | |
| २१ | श्री नरनाथ सुवेदी | वडा अध्यक्ष | १९ | |
| २२ | श्री अर्जुन बहादुर राई | कार्यपालिका सदस्य | | |
| २३ | श्री विर बहादुर विंक | कार्यपालिका सदस्य | | |
| २४ | श्री शंकर राई | कार्यपालिका सदस्य | | |
| २५ | श्री पातली माया गोङ्वा | कार्यपालिका सदस्य | | |
| २६ | श्री रुक्मिणी गोङ्वा | कार्यपालिका सदस्य | | |
| २७ | श्री साधना श्रेष्ठ | कार्यपालिका सदस्य | | |
| २८ | श्री ईश्वरी विक | कार्यपालिका सदस्य | | |
| २९ | श्री मञ्जु भुर्तेल | कार्यपालिका सदस्य | | |
| ३० | श्री भरत गौतम | सदस्य सचिव | | |

प्रतिलिपि प्रमाणित

हेटौंडा उपमहानगरपालिकाको ७९ औं नगर कार्यपालिका बैठकको निर्णयहरु:

| प्रस्ताव | निर्णय |
|---|---|
| १) प्रगति समिक्षा सम्बन्धमा । | मिति २०८२/०९/२१ गतेको ७८ औं नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षा गरियो । |
| २) आय व्यय सम्बन्धमा । | आर्थिक वर्ष २०८२/०८३ को मिति २०८२।१०।२८ गतेसम्म कुल अनुमान गरिएको आयतर्फ संघीय सरकारबाट प्राप्त अनुदान, प्रदेश सरकारबाट प्राप्त अनुदान र आन्तरिक श्रोत रु.१,१३,५७,३३,१९९।५८ गरी अर्थात ३८ प्रतिशत आम्दानी भएको र व्ययतर्फ रु. ७९,३८,८८,५२३.७७ अर्थात २७.३७ प्रतिशत खर्च भएको आय व्ययको विवरण जानकारी भयो । |
| ३) फोहोरमैला व्यवस्थापन सम्बन्धमा । | फोहोरमैला व्यवस्थापनको लागि बोलपत्रको मूल्याङ्कन, आसयपत्रको निर्णय नहुँदा सम्म बढिमा एक महिनाको लागि पहिलेको कार्यरत संस्थालाई निरन्तरता दिन म्याद थप गर्ने । |
| ४) जग्गा सिफारिस सम्बन्धमा । | (क) हेटौंडा उपमहानगरपालिक वडा नं. ११ स्थित राप्ती नदी किनार छेउको सरकारी सार्वजनिक जग्गामा अटोभिलेज निर्माणको लागि उपमहानगरपालिकाको नाममा जग्गा प्राप्त गर्नु पर्ने भएकोले उक्त जग्गा प्राप्तीको लागि सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा ४ बमोजिमको प्रकृया अगाडि बढाउने ।<br>(ख) हेटौंडा उपमहानगरपालिका १० नं.वडा कार्यालयको च.नं. ११४८ मिति २०८२/१०/२६ को पत्रबाट वडा नं.१० स्थित वडा कार्यालयसँगै जोडिएको स्थानमा निर्माणाधिन कोसेली घर र सोही वडाको वसपार्कमा निर्माण भई रहेको पारिजात सिटी घण्टाघरको लागि बागमती प्रदेश सरकारबाट बजेट विनियोजन भएकोमा बजेट कार्यान्वयनको क्रममा जग्गा उपलब्ध गराउन नगर कार्यपालिकाको निर्णय माग भई आएको हुँदा उपमहानगरपालिकाले भोग चलन गर्दै आएको उक्त क्षेत्रको जग्गा मध्ये निर्माणाधिन संरचनाले चर्चेको जग्गा उपलब्ध गराउने। |
| ५) मर्मत संभार सम्बन्धमा । | हेटौंडा उपमहानगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ मा स्वीकृत बजेट अन्तर्गत मर्मत सम्भार कोषबाट खर्च लेख्ने गरी तपसिल बमोजिमका योजना स्वीकृत गरी कार्यान्वयन गर्ने र यसलाई आगामी नगरसभाबाट अनुमोदन गर्ने:<br>(क) पूर्वाधार विकास महाशाखा मर्मत संभार रु.१०,००,०००।०० लाख |

प्रतिलिपि प्रमाणित

| | |
|---|---|
| | (ख) तल्लो ताल सिंचाई योजना मर्मत संभार, हेटौंडा-११ रु.१,८६,०००।०० (ग) साज वोटे बुङ्गे सडक मर्मत हेटौंडा-१७, रु.२,००,०००।०० (घ) किरण चोक स्याङ्बो टोल सडक मर्मत संभार हेटौंडा-७, रु.१,२९,०००।०० (ङ) होटल स्मारकको पुर्व तर्फ सडक मर्मत संभार हेटौंडा-११, रु.३,००,०००।०० (च) दियावती टोल विकास संस्था अन्तर्गत पंचकन्या स्कुल नजिकै विधुतिय पोल स्थानान्तरण हेटौंडा-१७, रु.२,४७,१६७।०१ (नेपाल विद्युत प्राधिकरणको सहकार्यमा उपलब्ध गराइएको रकम अनुमोदन) (छ) हेटौंडा उपमहानगरपालिकावाट राप्ती तट छेउमा रहेको शवदाह मेसिन मर्मत संभार रु.१०,००,०००।०० |
| ६) बीच निर्माण सम्वन्धमा । | हेटौंडा उपमहानगरपालिका वडा नं. १ स्थित तरकारी वजार नजिक राप्ती तटीय क्षेत्रमा पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नका लागि बीच निर्माणको लागत अनुमान तयार गरी सोही बमोजिम बजेट विनियोजन गरी क्रमशः कार्यान्वयन गर्ने । |
| ७) रकम बाँटफाँट सम्वन्धमा । | सहरी विकास मन्त्रालय, स्थानीय पूर्वाधार विकास मन्त्रालय पुल्चोक, ललितपुरको च.नं.४५७ मिति २०८२।०९।१४ को पत्रानुसार यस उपमहानगरपालिका वडा नं.२ र ११ मा रहेको टासी हिसे गुम्बा र झ्यांगचुप छोईखोरालिङ्ग गुम्बाको लागि रु.२३,००,०००।०० बजेट विनियोजन भई कार्यान्वयनको लागि अनुरोध भई आएकोले उक्त रकमबाट प्रति गुम्बा रु.११,५०,०००।०० दरले रकम बाँटफाँट गरी कार्यान्वयन गर्ने । |
| ८) सामाजिक सुरक्षा कोषमा आवद्धता सम्वन्धमा । | हेटौंडा उपमहानगरपालिकामा आर्थिक वर्ष ०८२/८३ मा छुट्याइएको बजेट रु.१० लाखबाट ७३ जना अनौपचारिक श्रमिकहरुका लागि सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न सकिने हुँदा त्यस्ता श्रमिकहरुलाई प्रत्येक आर्थिक वर्षमा आवश्यक पर्ने बजेट विनियोजन गरी स्रोतको सुनिश्चितता गर्ने र सामाजिक सुरक्षा कोषसँग सम्वन्धित ऐन नियमको परिधिभित्र रही सामाजिक सुरक्षा कोषमा आवद्धता हुने प्रकृया अगाडि बढाउने । |
| ९) फोहोरमैला व्यवस्थापनको बोलपत्र अनुमोदन सम्वन्धमा । | उपमहानगरपालिकाको सूचना नं. HMSC/ENV//01/2082/83 अनुसार सार्वजनिक निजी साझेदारी अवधारण अनुसार उपमहानगरपालिकाको एकिकृत फोहोरमैला व्यवस्थापन तथा सेवा शुल्क सङ्कलन सम्बन्धी कार्य गर्न मिति २०८२।७।३० गते ईबिडिङ्ग मार्फत बोलपत्र आह्वान गरिएकोमा तीन वटा फर्मको बोलपत्र परी मूल्याङ्कन गर्दा सारभूत रुपमा प्रभाग्राही भई उच्चतम अंक प्राप्त गर्ने बोलपत्रदाता ग्रिन एण्ड क्लिन सिटी सर्भिसेज प्रा.लि.को बोलपत्र स्वीकृत गर्न बोलपत्र मूल्याङ्कन समितिबाट मिति २०८२।१०।२८ गते प्रतिवेदन पेश भएकोमा वन, वातावरण तथा विपद् व्यवस्थापन महाशाखाबाट पेश भएको टिप्पणी बमोजिम सारभूत रुपमा प्रभावग्राही भई छनोट भएको बोलपत्रदातालाई प्रचलित कानूनको परिधिभित्र रही अनुमोदन गर्ने । |

प्रतिलिपि प्रमाणित

| | |
|---|---|
| १०) कार्यदल गठन सम्बन्धमा । | नेपाल सरकार, खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग, एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना, आयोजना व्यवस्थापन कार्यालय, पानीपोखरी, काठमाडौंको च.नं.५४ मिति २०८२।०८।०८ गतेको प्राप्त पत्रानुसार आयोजना समन्वय कार्यालय/PCO गठन देहाय बमोजिम गर्ने:<br>(क) ई.सुवोध थापा, अधिकृत आठौं, हेटौंडा उपमहानगरपालिका, Project Liaison Officer<br>(ख) ई.विनित ओझा, अधिकृत आठौं, हेटौंडा उपमहानगरपालिका, Engineer<br>(ग) जेकप श्रेष्ठ, अधिकृत आठौं, हेटौंडा उपमहानगरपालिका, Account Officer<br>(घ) चन्दा खड्का, अधिकृत सातौं, हेटौंडा उपमहानगरपालिका, Focal Person |
| ११) स्वीकृति तथा अनुमति सम्बन्धमा । | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको नीति, नियम, कानून विपरित नहुने गरी कार्यालय समय बाहेक कार्यालयको काममा असर नपर्ने गरी निजामति सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४९(क) को उपदफा २ को (घ) र (ङ) तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १०१ को उपदफा (३) बमोजिम स्वदेश तथा विदेशमा हुने कार्यक्रममा सहभागी हुन, प्रवचन दिन वा कार्यपत्र प्रस्तुत गर्न तथा शैक्षिक, प्राज्ञिक वा प्रशिक्षण संस्थामा प्रशिक्षण वा अनुसन्धान गर्न, हेटौंडा उपमहानगरपालिकालाई विपक्षी बनाई वा उपमहानगरपालिका आफै निवेदक भई दायर भएका मुद्दा मामिला र अन्य मुद्दा मामिलामा सम्बन्धित निकायमा गई बसह पैरवी गर्न देहाय बमोजिमका कर्मचारीलाई स्वीकृति तथा अनुमति प्रदान गर्ने:<br>(क) जगन्नाथ अर्याल, उपनिर्देशक, अधिकृत नवौं तह, हेटौंडा उपमहानगरपालिका<br>(ख) लक्ष्मण मैनाली, वरिष्ठ अधिकृत, अधिकृत आठौं तह, हेटौंडा उपमहानगरपालिका |
| १२) विविध आर्थिक/अनुदान/कार्यक्रम सहयोग सम्बन्धमा । | हेटौंडा उपमहानगरपालिकामा विभिन्न मितिमा आफ्नो आर्थिक अवस्था कमजोर भई दैनिक जीविकोपार्जन र स्वास्थ्य सम्बन्धी उपचार गर्न असमर्थ भएको विषय उल्लेख गरी वडा कार्यालयको सिफारिस सहित आर्थिक सहयोग माग भई आएका साथै विभिन्न सामाजिक, साँस्कृतिक र खेलकुद सम्बन्धी गतिविधि सञ्चालन सहयोग माग भएका संलग्नबमोजिमका निवेदनहरु उपर हेटौंडा उपमहानगरपालिका विकास कार्यक्रम सहायता कार्यविधि, २०८० र अन्य प्रचलित कानून बमोजिम देहायबमोजिमको सहयोग उपलब्ध गराउने र उपलब्ध गराइएको सहयोग रकम अनुमोदन गर्ने: |

| सि.नं. | सहयोग प्राप्त गर्नेको नाम थर/कार्यक्रम | ठेगाना | सहयोग रकम रु. | खर्च व्यहोर्ने शीर्षक |
|---|---|---|---|---|
| १ | पातली माया गोड्वा, का.पा.सदस्य हेटौंडा उपमहानगरपालिका उपचार सहयोग | हेटौंडा-१५ | विल अनुसार भुक्तानी गर्ने | अन्य सामाजिक सहायता (आर्थिक विपन्न उपचार सहायता) खर्च शीर्षक २७२१९ पेज नं. ७३ सि.नं. ११६ |
| २ | समसेर दर्मै, उपचार सहयोग | हेटौंडा-१२ | १५,०००।०० | अन्य सामाजिक सहायता (आर्थिक विपन्न उपचार सहायता) खर्च शीर्षक २७२१९ पेज नं. ७३ सि.नं. ११६ |

प्रमाणीकरण गरिएको
दस्तखत:
प्रमुख प्रशासकीय अधिकृत
मिति:

प्रतिलिपि प्रमाणित

| | | | | | |
|---|---|---|---|---|---|
| | १७ | रन्जना राई, अध्ययन सहयोग | हेटौंडा-३ | १,००,०००।०० | शैक्षिक सुधार कार्यक्रम मेयरसँग खर्च शीर्षक २२५२२ पेज नं.१६६ सि.नं.११३३ |
| | १८ | टासी छ्योईलिङ्ग गुम्बा, सोनाम ल्होसार कार्यक्रम सहयोग | हेटौंडा-१३ | २,००,०००।०० | विभिन्न संघ संस्थाको सहकार्यमा गरिने कार्यक्रम सामाजिक विकास महाशाखा अन्तर्गत |
| | १९ | हेटौंडा लेडी जेसी, राष्ट्रिय सम्मेलन कार्यक्रम सहयोग | हेटौंडा | २,००,०००।०० | विभिन्न संघ संस्थाको सहकार्यमा गरिने कार्यक्रम सामाजिक विकास महाशाखा अन्तर्गत |
| | २० | रिवाज श्रेष्ठ, अध्ययन सहयोग | हेटौंडा-२ | ५०,०००।०० | वन, वातावरणसँग सम्बन्धित वार्षिक गरिने विभिन्न सभा, दिवस, कार्यक्रम, अध्ययन कार्यक्रम, थेसिस तथा रिसर्चलाई सहयोग कार्यक्रम |
| | २१ | विकास दुलाल, अध्ययन सहयोग | हेटौंडा-१६ | १,००,०००।०० | शैक्षिक सुधार कार्यक्रम मेयरसँग खर्च शीर्षक २२५२२ पेज नं.१६६ सि.नं.११३३ |

| | |
|---|---|
| १३) प्रदेश विशेष तथा समपूरक अनुदानको लागि योजना प्रस्ताव गर्ने सम्बन्धमा। | बागमती प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. ८९२, मिति २०८२।०९।३० गतेको पत्रबाट हेटौंडा उपमहानगरपालिका अन्तर्गत आगामी आर्थिक वर्ष २०८३/८४ का लागि कार्यान्वयन गर्ने गरी तपसिल बमोजिमका योजनाहरु स्वीकृत गरी अनुदान बजेटका लागि बागमती प्रदेश सरकार समक्ष पेश गर्ने:<br>तपसिल<br>(क) प्रदेश विशेष अनुदान तर्फः<br>१. श्रमिक माध्यमिक विद्यालय शैक्षिक पूर्वाधार निर्माण, हेटौंडा-४, मकवानपुरः रु १ करोड।<br>२. राजकुलो संरक्षण कार्य, हेटौंडा-५, मकवानपुरः रु १ करोड।<br>३. हेटौंडा उपमहानगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको रंगरोगन लगायत मर्मत कार्य, हेटौंडा, मकवानपुरः रु १ करोड।<br>(ख) प्रदेश समपूरक अनुदान तर्फः<br>१. जागरण पथ सडक स्तरोन्नती कार्य, हेटौंडा-७, मकवानपुरः रु ३ करोड। |
| १४) प्रस्ताव पेश गर्ने सम्बन्धमा । | सडक बोर्ड नेपालको च.नं. ६७८ मिति २०८२/०९/२८ को पत्रानुसार आर्थिक वर्ष २०८२/०८३ को लागि सडक बोर्ड नेपालबाट यस उपमहानगरपालिकाको लागि स्वीकृत भएको रकम रु.६० लाख र हेटौंडा उपमहानगरपालिकाबाट सडक बोर्ड नेपालसँगको सहकार्यमा योजना कार्यान्वयन गर्ने गरी स्वीकृत भएको रकमबाट यस उपमहानगरपालिका क्षेत्रमा तपसिल बमोजिमका योजना कार्यान्वयन गर्ने गरी सडक बोर्ड नेपाल समक्ष प्रस्ताव पेश गर्ने:<br>तपसिल<br>(क) अजर अमर सडक मर्मत कार्य, हेटौंडा-४<br>(ख) मित्रनगर सडक मर्मत कार्य, हेटौंडा-४<br>(ग) भुवनेश्वर मन्दिर जाने सडक मर्मत, हेटौंडा-४ |

प्रमाणीकरण गरियो।
दस्तखतः
नामः भरत गौतम
पदः प्रमुख प्रशासकीय अधिकृत
मितिः

प्रतिलिपि प्रमाणित

| | | | | | |
|---|---|---|---|---|---|
| | ३ | नेपाल तामाङ घेदुङ, जिल्ला समन्वय समिति, मकवानपुर, तामाङ महोत्सव कार्यक्रम सहयोग अनुमोदन | हेटौंडा | ४,००,०००।०० | विभिन्न संघ संस्थाको सहकार्यमा गरिने कार्यक्रम पेज नं. ८२ सि.न. २०४ |
| | ४ | नरेन्द्र प्रसाद दंगाल, विपन्न आर्थिक सहयोग | हेटौंडा-७ | १०,०००।०० | आर्थिक सहायता दिनदुखी सहयोग खर्च शीर्षक २७२१९ पेज नं. ७३ सि.नं. ११५ |
| | ५ | संजिव कुमार कार्की, उपचार सहयोग | हेटौंडा-४ | ३०,०००।०० | अन्य सामाजिक सहायता (आर्थिक विपन्न उपचार सहायता) खर्च शीर्षक २७२१९ पेज नं. ७३ सि.नं. ११६ |
| | ६ | सुमित्रा विश्वकर्मा, विपन्न आर्थिक सहयोग | हेटौंडा-११ | २५,०००।०० | आर्थिक सहायता दिनदुखी सहयोग खर्च शीर्षक २७२१९ पेज नं. ७३ सि.नं. ११५ |
| | ७ | दुर्गा कार्की, कार्यालय सहयोगी, उपचार सहयोग | हेटौंडा-२ | ३५,०००।०० | औषधि उपचार खर्च (कर्मचारी) खर्च शीर्षक २११२३ पेज नं.६४ सि.नं. ४ |
| | ८ | रोशमा चौलागाई, उपचार सहयोग | हेटौंडा-५ | २५,०००।०० | अन्य सामाजिक सहायता (आर्थिक विपन्न उपचार सहायता) खर्च शीर्षक २७२१९ पेज नं. ७३ सि.नं. ११६ |
| | ९ | प्रकाश गोले, उपचार सहयोग | हेटौंडा-१४ | २०,०००।०० | अन्य सामाजिक सहायता (आर्थिक विपन्न उपचार सहायता) खर्च शीर्षक २७२१९ पेज नं. ७३ सि.नं. ११६ |
| | १० | वुद्धिमाया श्रेष्ठ, उपचार सहयोग | हेटौंडा-९ | ३०,०००।०० | अन्य सामाजिक सहायता (आर्थिक विपन्न उपचार सहायता) खर्च शीर्षक २७२१९ पेज नं. ७३ सि.नं. ११६ |
| | ११ | विन्दु प्रधान, उपचार सहयोग | हेटौंडा-९ | ३०,०००।०० | अन्य सामाजिक सहायता (आर्थिक विपन्न उपचार सहायता) खर्च शीर्षक २७२१९ पेज नं. ७३ सि.नं. ११६ |
| | १२ | विष्णु घर्ती, पति हरिशरण घर्तीको उपचार सहयोग | हेटौंडा-१८ | २५,०००।०० | अन्य सामाजिक सहायता (आर्थिक विपन्न उपचार सहायता) खर्च शीर्षक २७२१९ पेज नं. ७३ सि.नं. ११६ |
| | १३ | निर्मला उदास श्रेष्ठ, नगर प्रहरी उपचार सहयोग | हेटौंडा-४ | २५,०००।०० | औषधि उपचार खर्च (कर्मचारी) खर्च शीर्षक २११२३ पेज नं.६४ सि.नं. ४ |
| | १४ | राजेश शर्मा, बुवाको उपचार सहयोग | हेटौंडा-५ | १०,०००।०० | अन्य सामाजिक सहायता (आर्थिक विपन्न उपचार सहायता) खर्च शीर्षक २७२१९ पेज नं. ७३ सि.नं. ११६ |
| | १५ | वेद बहादुर बानिया, उपचार सहयोग | हेटौंडा-११ | ५०,०००।०० | अन्य सामाजिक सहायता (आर्थिक विपन्न उपचार सहायता) खर्च शीर्षक २७२१९ पेज नं. ७३ सि.नं. ११६ |
| | १६ | विकेश श्रेष्ठ, अध्ययन सहयोग ब्रेल लिपि र पुस्तक | हेटौंडा-२ | ६०,०००।०० | शैक्षिक सुधार कार्यक्रम मेयरसँग खर्च शीर्षक २२५२२ पेज नं.१६६ सि.नं.११३३ |

प्रमाणीकरण गर्ने अधिकारी
दस्तखत
नाम
पद प्रशासकीय अधिकृत
मिति

प्रतिलिपि प्रमाणित

| | |
|---|---|
| १२) प्रस्ताव: बजेट बाँडफाँट स्वीकृत गर्ने सम्बन्धमा । | मिति २०८२ भाद्र २३ र २४ गते भएको जि.एन.जि.को देश व्यापी आन्दोलनबाट सार्वजनिक तथा सरकारी सम्पतिहरुमा तोडफोड तथा आगजनीको क्रममा यस उपमहानगरपालिकाको कार्यालय, वडा कार्यालयहरु तथा कार्यालयको जिन्सी भण्डारमा भएको मौज्दात सामाग्रीहरु कार्यालय मसलन्द सामाग्री, फर्निचर, कम्प्युटर, प्रिन्टर, विद्युतीय सामाग्री लगायत विभिन्न उपकरणहरु आगजनीका कारण कार्यालय भित्रका अधिकांश सामानहरूको साथै भण्डार कक्षहरु समेत जलेर पूर्ण रूपमा नष्ट भएको र आन्दोलनको समाप्तिसँगै यस कार्यालय तथा वडा कार्यालयहरूबाट तत्काल नियमित सेवा सुचारू गर्न न्युनतम रुपमा आवश्यक फर्निचर, कम्प्युटर, प्रिन्टर, विद्युतीय सामाग्री लगायत अन्य कार्यालय तथा मसलन्द सामानको बन्दोवस्त गर्नुपर्ने भएको र कार्यालयमा भण्डार कक्षको समेत व्यवस्था नभएको एवम् वडा कार्यालय तथा सेवा कार्यालयहरूबाट सामानहरूको अकस्मात माग हुने गरेकाले उत्पन्न विषम परिस्थितिमा तत्काल कार्यालय व्यवस्थापन तथा नियमित सेवा प्रवाहका लागि सार्वजनिक खरिद ऐन, २०६३ र ऐ. नियमावली, २०६४ को परिधि भित्र रहि आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यालय सामान, मसलन्द, छपाई, फर्निचर तथा फिक्चर्स, कम्प्युटर प्रिन्टर तथा अन्य मेशिनरी औजार, सडक बत्ती तथा वैकल्पिक उर्जा प्रवर्धन कार्यक्रम शिर्षकमा विनियोजन गरिएको बजेट देहाय बमोजिम बांडफाटं स्वीकृत गरी उपमहानगरपालिका अन्तर्गतका विभिन्न सेवा प्रकृति र लक्ष्य/उद्धेश्य भएका मातहतका कार्यालय सेवा केन्द्र, टोलविकास संस्थाको लागि आदेश, माग र आवश्यकताको आधारमा कार्यान्वय गर्ने। |

१. फर्निचर तथा फिक्चर्स तर्फ विनियोजित रकम रु ५०,००,०००।-

| क्र.स. | बजेट शिर्षक | खर्च अवधि | बजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १ | फर्निचर तथा फिक्चर्स | दोस्रो चौमासिक | १०,००,०००.००।- | माग र आवश्यकताको आधारमा |
| | | दोस्रो चौमासिक | १०,००,०००.००।- | |
| | | दोस्रो चौमासिक | १०,००,०००.००।- | |
| | | तेस्रो चौमासिक | १०,००,०००.००।- | |
| | | तेस्रो चौमासिक | १०,००,०००.००।- | |

२. मसलन्द तर्फ विनियोजित रकम रु ५०,००,०००।-

| क्र.स. | बजेट शिर्षक | खर्च अवधि | बजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १ | मसलन्द | दोस्रो चौमासिक | १०,००,०००.००।- | माग र आवश्यकताको आधारमा |
| | | दोस्रो चौमासिक | १०,००,०००.००।- | |
| | | दोस्रो चौमासिक | १०,००,०००.००।- | |
| | | तेस्रो चौमासिक | १०,००,०००.००।- | |
| | | तेस्रो चौमासिक | १०,००,०००.००।- | |

३. छपाई सम्बन्धी खर्च रकम रु ६०,००,०००।-

| क्र.स. | बजेट शिर्षक | खर्च अवधि | बजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १ | छपाई | दोस्रो चौमासिक | १०,००,०००.००।- | माग र आवश्यकताको आधारमा |
| | | दोस्रो चौमासिक | १०,००,०००.००।- | |
| | | दोस्रो चौमासिक | १०,००,०००.००।- | |
| | | तेस्रो चौमासिक | १०,००,०००.००।- | |
| | | तेस्रो चौमासिक | १०,००,०००.००।- | |
| | | तेस्रो चौमासिक | १०,००,०००.००।- | |

४. कम्प्युटर, प्रिन्टर तथा मेशिनरी औजार रु ६५,००,०००।-

| क्र.स. | बजेट शिर्षक | खर्च अवधि | बजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १ | कम्प्युटर, प्रिन्टर तथा मेशिनरी औजार | दोस्रो चौमासिक | १०,००,०००.००।- | माग र आवश्यकताको आधारमा |
| | | दोस्रो चौमासिक | १०,००,०००.००।- | |
| | | दोस्रो चौमासिक | १०,००,०००.००।- | |
| | | दोस्रो चौमासिक | १०,००,०००.००।- | |
| | | तेस्रो चौमासिक | १०,००,०००.००।- | |
| | | तेस्रो चौमासिक | १०,००,०००.००।- | |
| | | तेस्रो चौमासिक | ५,००,०००.००।- | |

५. फोल्डरी औजार तथा सामाग्री खरिद रु १५,००,०००।-

| क्र.स. | बजेट शिर्षक | खर्च अवधि | बजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १ | फोल्डरी औजार तथा सामाग्री खरिद | तेस्रो चौमासिक | १०,००,०००.००।- | माग र आवश्यकताको आधारमा |
| | | तेस्रो चौमासिक | ५,००,०००.००।- | |

प्रमाणीकरण गरियो ।
दस्तखत: ..........
नाम: भरत मौतम
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति: ..........

प्रतिलिपि प्रमाणित